सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक १७ संवत २०८१ साल कार्तिक ०१ गते https://sarumaranimun.gov.np

## संविधान दिवश तथा राष्ट्रिय दिवश २०८१ मनाईदै



नेपाली जनताको सातदशक लामो संघर्ष, बलिदान र जनआन्दोलनको उपलब्धिका रुपमा गठन भएको संविधानसभाबाट विस २०७२ असोज ३ गते संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको थियो।

३५ भाग ३०८ धारा र ९ अनुसूचीमा लिपिबद्ध नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र, समावेशी लोकतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, धर्मनिरपेक्षतालगायत पक्षलाई आत्मसात गरेको संविधानले लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने अठोट गरेको छ। सरकारले संविधान जारी भएको उक्त दिनलाई प्रत्येक वर्ष संविधान दिवस तथा राष्ट्रिय दिवसका रुपमा मनाउँदै आएको छ। यसै अवसरमा सरुमारानी गाउँपालिकाले विभिन्न कार्यक्रम गरि संविधान दिवश तथा राष्ट्रिय दिवश विविध कार्यक्रम गरि मनाएको छ । सो अवसरमा गाउँपालिका वडा कार्यालय तथा विभिन्न संस्थाहरुमा राष्ट्रिय झण्डा फरफराई, दिप प्रज्वलन गरि तथा सरसरफाई गरि उक्त कार्यक्रम मनाएको थियो ।





# आ.व २०८०।०८१ को वार्षिक समिक्षा तथा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न




सरूमारानी गाउँपालिकाको आ.व.०८०/०८१ वार्षिक समिक्षा तथा तेस्रो चौमासिक सार्बजनिक सुनुवाइ कार्यक्रम मिति २०८१।०६।०६ गते सरूमारानी गाउँपालिकाको बहुउद्देशीय सभाहलमा सम्पन्न भएको छ।सरूमारानी गाउँपालिकाको आयोजनामा र झुलेनी मिडिया प्रा.लि.प्युठानको सहजिकरणमा गाँउपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्माको अध्यक्षतामा,गाउँपालिकाका उपाध्यक्ष बसन्ता खडका, नि.प्रमुख प्रशासकिय अधिकृत श्री लक्ष्मण आचार्य ,राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरूको आतिथ्यतामा,वडा अध्यक्ष कार्यपालिका सदस्य तथा जनप्रतिनिधिहरू,विव्यस अध्यक्ष ,मावि तथा आधारभुत विद्यालयका प्र.अ.तथा प्रतिनिधिहरू ,विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरू ,प्रहरी र आम नागरिकहरूको उपस्थितिमा ,प्रवक्ता चिन्त सोमै मगरको स्वागतमा र




महिला तथा वालवालिका शाखा प्रमुख साधना सिं ठकुरीको संचालनमा कार्यक्रम सम्पन्न भएको थियो ।कार्यक्रममा निमित्त प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण आचार्यले प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।साथै सार्बजनिक सुनुवाइ कार्यक्रम गर्नु पुर्ब विभिन्न वस्तीमा पुगी झुलेनी मिडिया प्रा.लि.ले नागरिकहरू संग लिएको बहिर्गमन अभिमत (Exit Poll) र नागरिक प्रतिबेदन (Citizen Report Card ) बाट आएका सवालहरूको जवाफ विभिन्न वडाका वडा अध्यक्ष र गाउँपालिका अध्यक्षज्यूले दिनु भएको थियो ।



# मूख्य बजार क्षेत्रमा अनुगमन कार्य सम्पन्न



प्यूठान सरुमारानी गाउँपालिकाले चाड पर्व नजिकै आउदै गर्दा गाउँपालिका भित्र जनगुनासो बडे संगै बजार अनुगमनलाई तिब्र पारेको छ । सरुमारानी गाउँपालिकाको वडा नं ३ र ५ वरिपरिका विभिन्न क्षेत्रका बजारमा ३१ भन्दा बढी पसल अनुगमन गरेको छ ।अनुगमनको क्रममा अधिकांश पसलहरुमा म्याद नाघेका सामान भेटिएको थियो । फेला परेका अखाद्य वस्तुहरु तत्काले नष्ट गरिएको छ भने त्यस्ता बस्तु भेटिएका पसलका सञ्चालकहरुलाई पहिलो पटकका लागि सचेत गराइएको थियो ।









# अभिमुखिकरण कार्यक्रम सम्पन्न



सरुमारानी गाउँपालिकाका अध्यक्ष श्री झग बहादुर विश्वकर्मा ज्यूको अध्यक्षतामा युरोपियन युनियनको सहयोग, पिपुल इन निड, सेभ द चिल्ड्रेन र आत्मनिर्भर सेवा केन्द्र (CSRC) को साझेदारीमा यस सरुमारानी गाउँपालिकामा मा सञ्चालन गरिएको परियोजना प्रतिबद्ध -३ को अवधारणा, उद्देश्य, लक्षित समुदाय र कार्यसञ्चालन प्रक्रिया बारे जानकारी आदान प्रदान कार्यक्रम मिति २०८१।०६।१५ गते सम्पन्न गरिएको छ ।








सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८५७८६८०२७)


प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बड्डाँडा,प्यूठान ।



facebook: https://www.facebook.com/SarumaraniGapa

website:sarumaranimun.gov.np

email:sarumarani2073@gmail.com

phone no:9857836022